IndexNumber(ifknown/applicable): ______________________

County and Court (if known/applicable): ______________________

# मोर्टगेजरलाई सूचना:

कोभिड-१९ को महामारीको अवधिमा तपाईंको आम्दानी गुमेको वा खर्चहरू बढेको थियो र तपाईंले यो बहालवालाको विपत्तिको घोषणापत्रमा हस्ताक्षर गरी आफ्नो मोर्टगेजधनी वा घर कब्जा गर्ने पक्षलाई दिनुभएको छ भने तपाईंलाई कम्तीमा अगस्ट ३१, सन् २०२१ सम्म घर कब्जागरी निकाल्न सकिँदैन। तपाईंको मोर्टगेजधनी वा घर कब्जा गर्ने पक्षले यो फाराम तपाईंलाई दिनुभएको छ भने मोर्टगेजधनी वा घर कब्जा गर्ने पक्षले तपाईंलाई यो फाराम फिर्ता पठाउने हुलाक ठेगाना र इमेल ठेगाना पनि पक्कै दिनुभएको हुन सक्छ। तपाईं यसअघि नै कब्जा गर्ने अदालती कार्यवाहीहरूमा हुनुहुन्छ भने तपाईं यो फाराम अदालतमा फिर्ता पठाउन सक्नुहुन्छ। तपाईंले हस्ताक्षर गरिएको फारामको प्रतिलिपि वा तस्विर आफ्नो अभिलेखको लागि राख्नुपर्छ। तपाईंले अझै पनि आफ्नो धनीलाई तिर्न बाँकी मोर्टगेजको रकम र कानूनी शुल्कहरू भुक्तानी गर्नुपर्छ। तपाईंले कति रकम भुक्तानी गर्नुभयो र अब तिर्न बाँकी कति छ भन्ने कुराको यथार्थ हिसाब राख्नुपर्छ।

# मोर्टगेजरको कोभिड-१९ को महामारीसम्बन्धी विपत्तिको घोषणापत्र

म (यस ठेगानाको निवास-स्थानको) भवन/सम्पत्तिको मोर्टगेजर हुँ:

______________________

मेरो प्राथमिक निवाससहित मेरो स्वामित्वमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भए पनि दश वा सोभन्दा कम आवासीय निवास-स्थान छन्। मैले वित्तीय कठिनाइको सामना गरिरहेको छु र निम्नमध्ये एउटा वा धेरै कारणले गर्दा म मेरो मोर्टगेजको पूरा रकम भुक्तानी असमर्थ छु।

१. कोभिड-१९ को महामारीको अवधिमा घरायसी आम्दानी अत्याधिक रूपमा गुमेको।

२. कोभिड-१९ को महामारीको अवधिमा अत्यावश्यक कामसँग सम्बन्धित वा स्वास्थ्यका प्रभावहहरूसँग सम्बन्धित खर्चहरूका आवश्यक व्यक्तिगत खर्चहरूमा वृद्धि भएको।

३. कोभिड-१९ को महामारीको अवधिमा बालस्याहारका जिम्मेवारी वा वृद्ध-वृद्धा, असक्षमता भएका वा परिवारका बिरामी सदस्यलाई स्याहार गर्ने जिम्मेवारीहरूले म वा मेरो परिवारको कोही सदस्यको अर्थपूर्ण रोजगारी प्राप्त गर्ने वा आय आर्जन गर्ने क्षमतामा नकारात्मक रूपमा असर परेको वा मेरा अत्यावश्यक व्यक्तिगत खर्चहरूमा वृद्धि भएको।

४. कोभिड-१९ को महामारीको अवधिमा घर सर्नेसम्बन्धी खर्चहरू र वैकल्पिक आवास सुरक्षित गर्ने कठिनाइले मलाई अर्को आवासमा पुनर्स्थापित हुन कठीन बनाएको।

५. कोभिड-१९ को महामारीसँग सम्बन्धित अन्य परिस्थितिहरूले मेरो अर्थपूर्ण रोजगारी प्राप्त गर्ने वा आय आर्जन गर्ने क्षमतामा नकारात्मक रूपमा असर गरेको वा मेरो घरायसी आम्दानी अत्याधिक घटाएको वा मेरा खर्चहरू अत्याधिक बढाएको।

६. मार्च १, २०२० देखि मेरा एक वा सोभन्दा बढी बहालवालाहरूले आफ्नो बहालको धेरै रकम भुक्तानी गरेका छैनन्।

मैले मेरो घरायसी आम्दानी गुमाएको वा बढेका खर्चहरूको हद्सम्म कोभिड-१९ को महामारीको सुरुवातदेखि मैले प्राप्त गरेका बेरोजगारी बीमा, महामारी बेरोजगारीसम्बन्धी सहायता, असक्षमता बीमा वा तलबी पारिवारिक बिदासहितका जुनसुकै सार्वजनिक सहायता रकमले मेरो घरायसी आम्दानी गुमेको वा बढेका खर्चहरू पूर्ण रूपमा मिलान गर्न नसकेको।

मैले मेरो मोर्टगेज सम्झौताअन्तर्गतका अन्य सबै कानूनी सर्तहरू पूर्ण रूपमा पालना गर्नुपर्छ भन्ने म बुझ्दछु। यसका साथै मेरो मोर्टगेज सम्झौताअन्तर्गतका मोर्टगेज रकम पूरा तिर्न नसकेको कारणले कानूनी शुल्क, जरिवाना वा ब्याजहरू अझै पनि लगाइन वा सङ्कलन गर्न सकिन्छ र म विरुद्ध मौद्रिक जरिवाना लगाइन सक्छ भन्ने पनि बुझ्दछु। मैले कुनै पनि छुटेका वा आंशिक भुक्तानी र कानूनी शुल्कहरू पूर्ण रूपमा भुक्तानी नगरेमा अगस्ट ३१, सन् २०२१ मा वा यस मितिपश्चात मोर्टगेजधनी वा घर कब्जा गर्ने अन्य पक्षले म विरुद्ध घर खाली गर्ने वा कब्जा गर्ने कार्यवाही अगाडि बढाउन सक्छन् भन्ने पनि बुझ्दछु।

हस्ताक्षर गरिएको: ______________________________

लेखिएको नाम: ______________________________

हस्ताक्षर गरिएको मिति: ______________________________

सूचना: तपाईं झूटो जानकारी उल्लेख गरेको भएमा कानूनद्वारा सजाय भोग्न तयार भई यस फाराममा हस्ताक्षर गरी पेश गर्दै हुनुहुन्छ। अर्थात यस फाराममा आफूलाई गलत हो भन्ने थाहा भएको कथन उल्लेख गर्नु कानूनको विरुद्ध हुन्छ।